# लुम्बिनी प्रदेश सरकार

## मिति २०८२/०२/०५ गतेको १५६औं सचिव बैठकका निर्णयहरु:

१. आगामी आ.व. वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्दा प्रदेश सरकारको नीति तथा कार्यक्रममा उल्लिखित विषयहरुमा केन्द्रित भई प्रस्ताव गर्ने। साथै कार्यक्रम प्रस्ताव गर्दा कार्यक्रम संचालन गर्ने विधि, कार्ययोजना तथा अपेक्षित उपलब्धी समेतको अवधारणा पत्र (Concept Note) समेत तयार गर्ने,

२. आगामी आ.व. वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्दा कार्यक्रम मागका आधारमा कार्यान्वयन गर्ने निकाय/कार्यालयसँगको समन्वयमा गर्ने,

३. मन्त्रालयहरुको संस्थागत स्मरणशक्ति कमजोर देखिएकोले सबै मन्त्रालयले अभिलेख प्रणालीलाई व्यवस्थित गरी सरुवा भई जाने कर्मचारीले आफ्नो कार्य जिम्मेवारीसँग सम्बन्धित अभिलेख, फाइल, कागजातहरु सहित हस्तान्तरण प्रतिवेदन बुझाएर मात्र रमाना दिने व्यवस्था गर्ने,

४. सरकारी निकायहरुको एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (GIOMS) लाई प्रभावकारी रुपमा प्रयोग गर्ने साथै GIOMS मा रहेको प्रत्येक महिनाको हाजिरीलाई Print गर्नुका साथै यस्तो विवरण वार्षिक रुपमा तयार गरी वाइन्डिङ् समेत गरी राख्ने व्यवस्था गर्ने/गराउने,

५. सबै मन्त्रालय तथा निकायहरुले सूचनाको हक सम्बन्धी ऐन तथा नियमावलीले गरेको व्यवस्था बमोजिम स्वत: प्रकाशन सम्बन्धी कार्यहरु गर्ने गराउने,

६. आगामी आ.व. को बजेट तर्जुमा गर्दा लुम्बिनी, गण्डकी, कर्णाली तथा सुदुरपश्चिम प्रदेशबीच मुख्यमन्त्रीस्तरीय बैठकमा गरिएका साझा प्रतिबद्धताहरुलाई समेत दृष्टिगत गरी बजेट तथा कार्यक्रम प्रस्ताव गर्ने,

७. सबै मन्त्रालयहरुले हेलो सरकारमा गरेको गुनासो तथा उजुरीहरुलाई उच्च प्राथमिकतामा राखी यथासमयमै सम्बोधन गर्ने व्यवस्था मिलाउने र पोर्टलमा दर्ता भएर रहेका गुनासो तथा उजुरीहरुलाई तत्काल फछ्र्यौट गर्ने व्यवस्था मिलाउने। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहेको हेलो सरकारबाट प्राप्त भएका गुनासोहरुको तत्काल सम्बोधन गर्ने/गराउने,

८. सार्वजनिक निकायबाट हुने सेवा प्रवाहलाई प्रविधिमैत्री बनाउने उद्देश्यअनुरुप कार्यान्वयनमा ल्याइएको नागरिक एप मार्फत छिटो छरितो सेवा दिने प्रबन्ध सबै मन्त्रालय/निकाय/कार्यालयले गर्ने गराउने। समयमै सेवा प्रवाह र निर्णय भए नभएको सम्बन्धमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले अनुगमन गर्ने,

९. सबै मन्त्रालयलहरुले बेरुजु फछ्र्यौट कार्यलाई उच्च प्राथमिकतामा राखी प्रत्येक ३।३ महिनामा मन्त्रालयस्तरीय छलफल गरी सो को प्रगति विवरण मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने,

१०. प्रदेश सरकारका कुनै पनि निकायको तलबी प्रतिवेदन पारित नभई तलब भत्ता उपलब्ध गराएकोले सैद्धान्तिक बेरुजु देखिएको हुँदा सबै निकायले कर्मचारीको तलबी प्रतिवेदन प्रदेश

प्रमुख सचिव

लेखा नियन्त्रक कार्यालयमा पठाउने र उक्त कार्यालयले पारित गर्न सकिने कर्मचारीको हकमा तत्काल पारित गरी सम्बन्धित निकायमा फिर्ता पठाउने। नसकिने कर्मचारीको हकमा कारण खोली सम्बन्धित निकाय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा जानकारी दिने,

११. प्रदेशमा सञ्चालित र सम्भावित बहुवर्षीय आयोजनाको प्रभावकारी कार्यान्वयनका लागि आयोजना कार्यान्वयन गर्ने निकाय, प्रदेश योजना आयोग र आर्थिक मामिला तथा योजना मन्त्रालयले सँयुक्त छलफल गरी आवधिक योजना, मध्यकालिन खर्च संरचना (MTEF) र नीति तथा कार्यक्रम अनुरुप हुने गरी अगाडि बढाउने व्यवस्था गर्ने,

१२. छलफलको क्रममा सरकारी सवारी साधनमा इम्बोष्ड नम्बरप्लेट जडान गर्ने विषयमा जटिलता रहेको भन्ने विषय उजागर भएकोले उद्योग, पर्यटन तथा यातायात मन्त्रालयकान सचिवले यस सम्बन्धी सबै विषयमा अध्ययन गरी आगामी बैठकमा विवरण पेश गर्ने,

१३. सचिव बैठकलाई प्रभावकारी बनाउन बैठकमा छलफल हुने एजेण्डाहरु सम्बन्धित मन्त्रालयले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा निर्धारित समयमा उपलब्ध गराउने,

१४. यस अगाडिका सचिव बैठकका निर्णयहरु समेत कार्यान्वयन गरी प्रगति विवरण तपसिलको ढाँचामा अनिवार्य रुपमा बैठक हुने मिति भन्दा दुई (२) दिन अगाडि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने।

तपसिलः

मिति ...........को सचिव बैठकका निर्णयहरुको प्रगति विवरणः

| क्र.सं. | निर्णय | कार्यान्वयनको अवस्था | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |

प्रमुख सचिव